# जनशक्ति आपूर्ति गर्ने सम्वन्धि बोलपत्र आव्हानको सूचना

**बोलपत्र नं. ११-१/०७५-७६**

**प्रथम पटक प्रकाशिति मिति २०७५/०५/२७**

१. यस उद्योगमा विभिन्न प्राविधिक जनशक्ति आवश्यकता परेको हुँदा नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक तथा सुविधाहरु दिने गरी दुई(२) वर्षको लागि **श्रमिक आपूर्ति सम्बन्धि कार्यलाई प्रमुख उदेश्य बनाई ब्यवशाय गरि रहेका ईच्छुक संगठीत संस्था, फर्म, तथा कम्पनीहरुबाट** रीतपूर्वकको बोलपत्र आव्हान गरिएको छ ।

२. बोलपत्रदाताले निवेदन साथ नोटरी पव्लिक अफिसवाट प्रमाणित नविकरण भएको फर्म दर्ता, मु.अ.कर दर्ता प्रमाणपत्र र आ.व. ०७३/७४ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न राखी रु. ५०००।– (पाँच हजार फिर्ता नहुने) तिरी उद्योगको केन्द्रीय कार्यालय, जलजले, उदयपुर वाट प्रथम पटक सूचना प्रकाशित मितिले ३० औं दिनको १३:०० बजे भित्र खरिद गर्नु पर्ने, ३० औं दिनको १४.०० बजे भित्र दर्ता गरि सक्नु पर्ने छ र ३० औं दिनको १५.०० बजे पश्चात बोलपत्र खोलिने छ । बोलपत्रदाताले बोलपत्र फाराम खरिद गरी वा उद्योगको website www.ucil.org.np वाट डाउनलोड गरी सोही वेभसाइटमा निर्देशित प्रकृया पूरा गरी आफ्नो प्रस्ताव अपलोड गरी पेश गर्न सक्ने छ ।

३. तीन थान छुट्टा छुट्टै खाममा शिलबन्दी गरी खाममा Original , Copy-1, copy-2 लेखी शिलबन्दी हुनु पर्ने छ । खामको बाहिरी भागमा बोलपत्र नं. ११-१/०७५-७६ जनशक्ति आपूर्ति बारे लेखिएको हुनु पर्ने छ ।

४. बोलपत्रदाताले आफुले कबुल गरेको रकम अंक र अक्षरमा स्पष्ट लेख्नु पर्ने छ । अंक र अक्षरमा लेखिएको फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइने छ ।

५. **E-Bidding** को लागि उद्योगको Website www.ucil.org.np मार्फत बोलपत्र दाखिला गर्न सकिने छ । सो को लागि उद्योगको तल उल्लेखित खाताहरुमा रु.५,०००/– (पाँच हजार) जम्मा गरेको सक्कल बैंक भौचरको स्क्यान प्रति (PDF format) समावेश गर्नु पर्ने छ । सक्कल डकुमेण्टस् बोलपत्र खुलेको ७ (सात) दिन भित्र पेश गर्नु पर्ने छ ।

६. शिलबन्दी बोलपत्र पेश गर्दा आफुले कबुल गरेको कुल मूल्यको २.५% (अढाई प्रतिशत) ले हुने रकम यस उद्योगको नाममा गाईघाट, उदयपुर स्थित राष्ट्रिय बाणिज्य बैकको चल्ती खाता नं.२०९०००५३६०१, ग्लोबल आईएमइ बैक लि. को खाता नं.२२०१०१००००१६७ र जलजले स्थित सनराईज बैक लि. को खाता नं.०२९१००९६४३००१२ मा जम्मा गरेको सक्कलै बैक भौचर वा बोलपत्र खुल्ने अन्तिम मितिबाट कम्तिमा १२० दिन मान्य हुने अवधि भएको **क** बर्गको बाणिज्य बैकबाट जारी विड वण्ड पेश गर्नु पर्ने छ । विडवण्ड नराखी वा कम रकमको विडवण्ड राखी बोलपत्र पेश गरेमा त्यस्ता बोलपत्र उपर कारबाही हुने छैन ।

७. शिलबन्दी रुपमा प्राप्त बोलपत्रहरुमा सबै भन्दा घटी अंकको बोलपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस उद्योगमा सुरक्षित रहने छ ।

८. बोलपत्र खोल्दा बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित हुनु पर्ने छ । यदी उपस्थित हुन नसकेमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

९. बोलपत्र विकी गर्ने, बुझाउने तथा खोलिने अन्तिम मितिमा सार्बजनिक विदा पर्न गएमा अर्को दिनको सोही समय अनुसार नै विक्री, दर्ता तथा खोलिने कार्य हुने छ ।

१०. बोलपत्रमा उल्लेख गरिएको बाहेक अन्य शर्तहरु राखिएको बोलपत्र स्वीकृत गरिने छैन ।

११. अन्य जानकारीको लागि उद्योगको प्रधान कार्यालय, जलजले, उदयपुरमा सम्पर्क राख्न सकिने छ ।

उदयपुर सिमेण्ट उद्योग लि.
प्रधान कार्यालय, जलजले
फोन नं.०३५-४११०१२

**जनशक्ति देहाय बमोजिम आपूर्ति गर्नु पर्ने छ।**

| सि. नं. | प्राविधिक सहयोग तथा परामर्श प्रदान गर्ने | सुपर भाईजर | ईलेक्ट्रिसियन ( बरिष्ठ) | चालक ( लोडर) | चालक ( एक्साभेटर) | फोरम्यान | मेकानिक्स | ( मेकानिकल/ ईलेक्ट्रिकल तथा अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ४ | ७ | १३ | २ | २ | ३ | १७ | ५९ | १०७ |

| | | |
|---|---|---|
| (क) | प्राविधिक सहयोग तथा परामर्श प्रदान गर्ने (मेकानिकल) बरिष्ठ | - २ (दुई) जना |
| (ख) | प्राविधिक सहयोग तथा परामर्श प्रदान गर्ने (ईलेक्ट्रिकल) बरिष्ठ | - २ (दुई) जना |
| (ग) | सुपरभाईजर | -७ (सात) जना |
| (घ) | ईलेक्ट्रिसियन (बरिष्ठ) | - १३(तेह्र) जना |
| (ङ) | चालक (लोडर) | - २ (दुई) जना |
| (च) | चालक (एक्साभेटर) | - २ (दुई) जना |
| (छ) | प्राविधिक सहयोग तथा परामर्श प्रदान गर्ने फोरम्यान ( 4th Level tech) | - ३ (तीन) जना |
| (ज) | प्राविधिक सहयोग तथा परामर्श प्रदान गर्ने मेकानिक्स | - १७ (सत्र) जना |
| (झ) | मेकानिकल/ईलेक्ट्रिकल तथा अन्य | - ५९(उनन्साठी)जना |

# बैक खाता विवरण :

| बैंकको नाम | स्थान | च.हिसाव नं. |
|---|---|---|
| राष्ट्रिय बाणिज्य बैंक | गाईघाट | २०९००००५३६०१ |
| ग्लोबल आईएमई बैंक | गाईघाट | २२१०१००००१६७ |
| एन आई सी बैंक | गाईघाट | ०२०३५००१४०३५००००००५ |
| नेपाल इनभेष्टमेण्ट बैंक | गाईघाट | ३५०१०४०२५०२८३ |
| नेपाल बैंक लि. | गाईघाट | १३ |
| नेपाल बैंक लि. | लाहान | ००३६-११-०००४९७७ |
| सनरनईज बैंक लि. | जलजले | ०२९१००९६४३००१२ |
| कृषि बिकाश वैक लि | गाईघाट | ०१००-०२२७३५ |
| राष्ट्रिय बाणिज्य बैंक | विशालबजार काठमाडौ. | १०९००६००५५०१ |

उदयपुर सिमेण्ट उद्योग लि.को

संशोधन तथा म्याद थप सम्बन्धि सूचना ।

प्रकाशित मिति २०७५/०६/२४)

उद्योगको बोलपत्र नं.११-१/०७५-७६ अन्तर्गत Man Power supply on Contract Basis खरिदका लागि मिति २०७५/०५/२७ गतको गोरखापत्र दैनिकमा सूचना प्रकासित गरिएकोमा उक्त बोलपत्रका केही शर्तहरु संशोधन गरी मिति २०७५/७/१२ गते खुल्ने गरी म्याद थप गरिएको छ । सोको विस्तृत विवरण उद्यागको Website: ucil.org.np मा हेर्नु हुन समेत सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।